भूमिकास्थान नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

नुवाकोट, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल
Website: bhumikasthanmun.gov.np
E-mail: bhumikasthanmunicipality@gmail.com

पत्र संख्या : २०८३/०८४
चलानी नम्बर : ६३३

सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना

प्रकाशित मितिः २०८३/०८/०२ गते

भूमिकास्थान नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत सुरक्षित आप्रवासन (सामी) कार्यक्रमका लागि तपसिलमा उल्लेखित पदमा योग्यता भएका कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएकाले ईच्छुक योग्यता पुगेका नेपाली नागरिकहरुले सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

वि.नं.	पद	पद सङ्ख्या	योग्यता
०१/२०८३/०८४	मनोसामाजिक परामर्शकर्ता (पाँचौ तह)	१ जना	• मान्यता प्राप्त शैक्षिक संस्थाबाट हेल्थ असिस्टेन्ट वा स्टाफ नर्स वा मान्यता प्राप्त विश्वद्यालयबाट पब्लिक हेल्थ/ नर्सिङ्ग/ मनोविज्ञान/ समाजशास्त्र/ सोसिएल वर्कमा स्नातक तह, स्वास्थ्य शिक्षा विषयमा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमा इन काउन्सेलिङ उत्तीर्ण गरेको। • मनोसामाजिक परामर्श सम्बन्धी ६ महिने तालिम प्राप्त गरी राष्ट्रिय स्वास्थ्य तालिम केन्द्रबाट प्रमाण-पत्र भएकोलाई प्राथमिकता दिइनेछ। • सोही क्षेत्रमा काम गरेको अनुभवी र महिलालाई विशेष प्राथमिकता दिइनेछ। • प्रचलित कानुनबमोजिम सरकारी सेवाको पदका लागि आवेदन दिन अयोग्य नभएको। • कम्प्युटर सम्बन्धी आधारभुत ज्ञान भएको, Word, excel, PowerPoint मा कार्य सम्पादन गर्न सक्ने। • नेपाली र अङ्ग्रेजी दुवै भाषामा बोल्न तथा प्रतिवेदन तयार गर्ने सक्ने।

उमेरः दरखास्त दिने अन्तिम मितिसम्म २१ वर्ष पूरा भइ ४५ वर्ष ननाघेको।

परिक्षाको किसिमः मनोसामाजिक परामर्शकर्ता (लिखित, प्रयोगात्मक र अन्तरवार्ता)

दरखास्त दस्तुरः रु. ५००।०० जम्मा गरेको सक्कल रसिद

दरखास्त दिने अन्तिम मितिः २०८३/०८/१६ गते बुधबारका दिन कार्यालय समयभित्र बुझाउन सकिने छ। आवेदन बुझाउने अन्तिम मितिको दिन सार्वजनिक बिदा परेमा बिदाको भोलिपल्ट निवेदन बुझाउन सकिने छ।

कार्य अवधिः २०८४ असार मसान्तसम्म,कार्यक्रमको आवश्यकता तथा कार्य सम्पादन मूल्याङ्कनका आधारमा नवीकरण हुन सक्नेछ।

तलब तथा अन्य सुविधाः प्रचलित नियमानुसार।

आवश्यक कागजातहरुः माथि उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो ३ (तीन) प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाइ निवेदनसहित नगर कार्यपालिकाको कार्यालयमा पेस गर्नु पर्नेछ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनोट प्रक्रियामा समावेश गरिने छैन।

छनोट प्रक्रियाः प्रथम चरणको परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरुलाई मात्र द्वितीय चरणको कम्प्युटर प्रयोगात्मक परीक्षा र अन्तरवार्तामा समावेश गरिने छ। अवसरबाट बञ्चितीकरणमा परेका समुदायहरु खासगरी, महिला, दलित, जनजाती, मधेशी तथा अल्पसङ्ख्यक वर्गका उम्मेदवारहरुको समावेशीकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्बन गरिनेछ।

परीक्षा मितिः लिखित र प्रयोगात्मक परीक्षाको मिति पछि प्रकाशन गरिनेछ।

पाठ्यक्रमः भूमिकास्थान नगरपालिकाको वेभसाइट www.bhumikasthanmun.gov.np मा हेर्न सकिन्छ।

थप जानकारीको लागिः ९८५७०८६९००, ९८५७०६३५७६

२०८३/०८/०२
पदपूर्ति संयोजक
रविन्द्र प्रसाद चौधरी
प्रमुख प्रशासकीय अधिकृत